# घिरिङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पोखरिछाप , तनहुँ, गण्डकी प्रदेश, नेपाल

## आ.व. २०८३/०८४ को नदिजन्य सामाग्री ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन, उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

**(Seal Quatation Only)**

**(प्रथम पटक प्रकाशित मिति:२०८३/०५/१८)**

घिरिंङ गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०८३/०८४ का लागी यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदी जन्य सामाग्री ढुंगा, गिटी, वालुवा, माटो, दहत्तरबहत्तर संकलन शुल्क घिरिङ गाउँपालिकाको वातावरण तथा प्रकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम, स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (IEE) र घिरिङ गाउँपालिका नदीजन्य पदार्थ व्यवस्थापन तथा अनुगमन समितिको फिल्ड प्रतिवेदन मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समयभित्र बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ। अन्य थप जानकारीका लागी यस कार्यालयको सुचना पाटी तथा कार्यालयको वेभ साइट www.ghiringmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत प्राबिधिक शाखामा सम्पर्क राख्न सकिने छ।

**ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| सि.नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन,२०८१ अनुसारको घाटको विवरण | उत्खनन् हुने अधिकतन परिमाण (घ.मि.) | न्युनतम रकम (मु.अ.कर र आय कर सहित) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| 01/IR/GRM/2083-84 | तिमिल्सिना घाट (घिरिङ-१) | ५८०५ | १८७६३७३.२३ | कबोल अङ्क (मु.अ.कर र आयकर सहितको २.५% ले हुन आउने रकम | १००० |
| 03/IR/GRM/2083-84 | खुम्लिङ घाट (घिरिङ-१) | ४५०० | १४५४५५२.८९ | | १००० |
| 04/IR/GRM/2083-84 | वाली घाट (घिरिङ-४) | ३०२४ | ९७७४५९.५४ | | १००० |
| 05/IR/GRM/2083-84 | बटौली घाट (घिरिङ-४) | ३३१२ | १०७०५५०.९३ | | १००० |
| 06/IR/GRM/2083-84 | बालुवा घाट (घिरिङ-४) | ६००२.१० | १९४००८२.६५ | | १००० |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरिछाप , तनहुँ, गण्डकी प्रदेश, नेपाल

**बोलपत्र सम्बन्धि सर्तहरु :**

बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको कुमारी बैंक, मानपुर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०८४००३४५९८१०००१० मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ | E- Bidding मार्फत PPMO को Website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scan गरि PDF Format मा बोलपत्र पेश गर्नुपर्ने छैन | घिरिङ गाउँपालिकाको कार्यालयवाट बोलपत्र खरिद गर्न सकिनेछ र पेश पनि सोहि कार्यालयमा गर्नुपर्नेछ | यस गाउँपालिकाको बोलपत्र फारमहरु नियमानुसार भरि बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपिका साथै संस्था फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं., आर्थिक बर्ष २०८२/०८३ को कर चुक्ता प्रमाण पत्र र सम्बन्धित कार्यको लागि अख्तियारी पत्र शिलबन्दी गरि सूचना प्रकाशित भएको मितिले आठौँ दिन अर्थात मिति २०८३/०५/२५ गते दिनको १२ बजे भित्र बोलपत्रको Hardcopy पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोहि दिनको १:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहोबरमा खोलिनेछ | बोलपत्र दाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन |

- बोलपत्र फारम भरि पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रस्टसंग लखिएको हुनुपर्छ |
- ठेक्का सम्झौता गर्दा कबोल अङ्कको अग्रिम आयकर बापत १.५% र मु.अ.कर बापत १३% रकम बोलपत्र दाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाइ सम्झौता रकम कायम गरिनेछ |
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन |
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ | रोयल्टी दर गण्डकी प्रदेश सरकारवाट स्वीकृत भए बमोजिम हुनेछ | सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ |
- पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ |
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम तथा नियमनकारी निकायहरुवाट प्राप्त निर्देशन परिपत्र र सुझाब अनुसार हुनेछ |
- बिस्तृत जानकारीक लागी यस कार्यालयको सूचना पाटीमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको प्राबिधिक शाखाको सम्बन्धित प्राबिधिक संग सम्पर्क राख्नु हुन् सम्बन्धित सबैलाई जानकारी गराईन्छ |
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौता गर्दा एकमुस्त बुझाउनु पर्नेछ र कबोल अङ्कको मूल्य अभिवृद्धि कर र अग्रिम आयकर बाहेकको रकममा १०% छुट दिई सम्झौता गर्न सकिने छ |
- बोलपत्र फारम भरि पेश गर्दा तोकिएको धरौटी रकम यस कार्यालयको कुमारी बैंक मानपुर शाखामा रहेको धरौटी खाता नं ०८४००३४५९८१०००१० मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट ९० दिन सम्म म्याद भएको रितपुर्बकको बैंक जमानत पत्र (Bid Bond) पेश गर्नुपर्नेछ |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner